नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(............. झापा ............. फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६९९१ कार्यालय
४५६९९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७७/७८
चलानी नं. :-

मिति :- २०७८/०१/१७

# विषय :-

## झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश (निषेधाज्ञा)

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा झापा जिल्लामा समेत संक्रमण तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरि मिति २०७८/०१/१९ गते मध्यराती १२:०० बजे देखी मिति २०७८/०१/२६ गते राती १२:०० बजेसम्म झापा जिल्लाभर लागू हुने गरी देहाय बमाजिमको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्न गराउन सबै व्यक्ति, संघ, संस्था पेशाकर्मी व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यो आदेशको उल्लघंन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

देहाय :-

१. सर्वसाधारणका लागि
   - अत्यावश्यक काम वाहेक घरवाट बाहिर ननिस्कने ।
   - नेपाल सरकारद्वारा तोकिएको समाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन पानिले हात धुने, अनिर्वाय माक्सको प्रयोग गर्ने र स्यानिटाईजरको प्रयोग गर्ने ।
   - कुनै पनि भेला, जुलुस, सभा सम्मेलन, छलफल गोष्ठी नगर्ने ।
   - हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।
   - अत्यावश्यक बाहेक १० बर्ष भन्दा मुनि तथा ६० बर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगीले कुनै पनि काममा घर बाहिर आवत जावत नगर्ने ।
   - Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. कार्यालय सञ्चालन सम्बन्धमा
   - सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्था, बिमा एवं राष्ट्र बैंकवाट इजाजत प्राप्त सहकारी संस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्वन्धित माथिल्लो निकायको स्वीकृति लिई आलोपालो सेवा वा अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित गर्ने ।

३. सभा सम्मेलनको हकमा
   - सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ्ग पुल, मनोरन्जन स्थल, शैलुन, व्युटि पार्लर, जिमखाना, समूहमा खेल्ने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदी संचालन गर्न नपाईने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(........................... फाँट)

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :-
चलानी न. :-

मिति :- ...............................

## विषय :-

४. सार्वजिनक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन सिटी रिक्सा समेत मिति २०७८।०१।१९ गते आईतबार राती १२.०० बजे देखी मिति २०७८।०१।२६ गते राती १२.०० बजेसम्म झापा जिल्लाभर जोर बिजोर प्रणालिमा (जोर गते जोर नम्बरको तथा बिजोर गते बिजोर नम्बरको सबै प्रकारको सवारी साधन) मात्र सञ्चालन गर्ने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यन्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेका सवारी साधन, बैक, वित्तिय संस्था, दुरसंचार, ईन्टरनेट, रेडक्रस, क्वारेन्टीन, आईसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँक सेवा लगायतका ढुवानी तथा यातायातका साधन विषय उल्लेख गरी संचालन गर्न पाउने ।

५. अत्यावश्यक खाद्य सामग्रीको हकमा

- औषधी तथा स्वास्थ्य सामाग्री सम्बन्धी पसल बाहेक अन्य पसल व्यवसाय बिहान ६ बजे देखी विहान ११ बजेसम्म खुल्ला गर्ने ।
- डिपार्टमेन्ट स्टोरको हकमा विहान ६ बजेदेखी विहान ११ बजे सम्म सञ्चालन गर्ने ।
- खाद्य सामाग्री, औषधी पसल जस्ता अत्यावस्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

६. नेपाल सरकारका कर्मचारी बैंक तथा बितिय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारी सधानका हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा अवत जावत गर्न दिने।

७. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्रको आधारमा आवत जावत गर्न दिने ।

८. होटल तथा रेष्टुरेन्टहरुले अनिवार्य स्वास्थ्य मापदण्डको पालना गरी बेलुका ८ बजेसम्म मात्र सञ्चालन गर्ने । मनोरन्जन तथा सांगितिक कार्यक्रम जस्ता भिडभाडजन्य कार्यक्रम नगर्ने नगराउने ।

९. विवाह (दुलाहा दुलही सहित), ब्रतबन्ध लगायत अन्य सामाजिक कार्यका लागि २५ जना भन्दा बढी नहुने गरी सहभागि हुन पाउने र उक्त कार्यका लागि पार्टी प्यालेस/होटल प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने ।

१०. विवाह/ब्रतबन्ध जस्ता कार्यक्रममा सहभागि भइ अन्यत्र जिल्लामा जानु/फर्कनु पर्ने भएमा २ वटा सवारी साधानमा बढिमा ७ जना सम्मको लागि स्थानिय तहको सिफारिश सहित जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने। काठमाण्डौ उपत्यकाको हकमा अनुमति उपलब्ध नगराईने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(........................ फाँट)

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :-
चलानी नं. :-

मिति :- ................................

## विषय :-

११. नेपाल सरकारवाट खुला गरिएको अन्तर्राष्ट्रिय प्रवेश बिन्दुहरु मध्ये यस जिल्लामा रहेको काँकडभिट्टा र खजुरगाछी नाकावाट आवत जावत गर्न नेपाल सरकारले तोकेको मापदण्ड पुरा गर्नु पर्ने र अन्य नाका तथा गौडाहरुबाट आवतजावत गर्न निषेध गर्ने ।

१२. आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा प्रचलित कानून बमोजिम सजाय हुने छ ।

श्रवणकुमार तिमिल्सिना
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी